रामग्राम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी

### धानको उन्नत बीउ आपूर्ति सम्बन्धि दरभाउ पत्र आह्वानको सुचना

(दोस्रो पटक प्रकाशित मितिः २०७७/०१/३०

यस कार्यालयको चालु आ.ब.२०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम कृषकहरूलाई ५० प्रतिशत अनुदानमा धानको उन्नत बीउ वितरण गर्ने कार्यक्रम रहेको हुँदा तपसिलमा उल्लेखित धानको बीउको के कति दररेटमा उपलब्ध गराउन सक्ने हो सो उल्लेख गरी इच्छुक इजाजत प्राप्त बीउ उत्पादक तथा वितरण कम्पनी तथा व्यावसायीहरूको लागि ७ दिने सुचना प्रकाशित गरिएको छ। इच्छुक आपुर्तिकर्ताले निम्न शर्त पालना गरी तोकिएको म्यादभित्र यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना आह्वान गरिएको छ ।

तपसिल

१. दरभाउ पत्र खरिद गर्दा आ.ब. २०७६/७७ सम्म नविकरण भएको इजाजत पत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरी कृषि बिकाश शाखाबाट तोकिएको दस्तुर राजश्व शाखामा नगदै बुझाइ दरभाउ पत्रदाताले दस्तुर जम्मा गरी ७ औं दिन कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. यसरी खरिद गरिएका दरभाउ पत्र दोस्रो पटक प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। म्यादभित्र प्राप्त हुन आएका दरभाउपत्र सोही दिन दिनको २:०० बजे खोलिने छ । साथै दरभाउ पत्र दाता प्रतिनिधी खोल्ने समयमा उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ पत्रमा प्रत्येक धानको बीउको जातको दर अंक र अक्षरमा स्पष्ट उल्लेख गरि पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४. दरभाउपत्र साथ जमानत वापतको तोकिएको रकम रामग्राम नगरपालिकाको कार्यालय परासी, नवलपरासीको रा.बा.बैक परासी शाखामा रहेको धरौटी खाता नं. ३१०००३०३०००००२ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको बाणिज्य बैंकबाट जारी भएको जमानि पत्र (बिडबाण्ड) संलग्न हुनुपर्नेछ ।

५. दरभाउपत्र पेश गर्दा खाम बाहिर दरभाउपत्र दाताले नाम ठेगाना र दरभाउपत्रको विवरण उल्लेख गरी दर्ता गर्नुपर्ने छ ।

६. दरभाउ पत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलिपल्ट हुनेछ ।

७. रीत नपुगी वा म्याद नाघी आएमा दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

८. स्थानीय सरकारको हितलाई ध्यानमा राखि दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.कार्यालयमा सुरक्षित रहनेछ ।

९. दरभाउ पत्र स्वीकृत भइसके पछि कबोल अंकको ५% ले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १ बर्ष ४ महिना म्याद भएको (परफरमेन्स बन्ड) पेश गरि सम्झौता गर्नुपर्नेछ ।

१०. उपरोक्त बुँदाहरूमा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

११. दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस न.पा.कार्यालयको कृषि विकास शाखामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१२. दरभाउ पत्र दाताले सिलबन्दी गरी बीउको नमूना पनि पेश गर्नुपर्नेछ ।

१३. अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ ।

तपसिल

| क.स. | ठेक्काको किसिम | उन्नत धानको बीउको विवरण | लागत अनुमान रू. | जमानत रकम रू. | सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | सिलबन्दी | सावाँ मन्सुली सब १<br>रामधान<br>राधा - ४ | १००००००।- | २५०००।- | १०००।- |

१।३०

(रूद्र प्रसाद रेग्मी)

प्रमुख प्रशासकीय अधिकृत

रूद्र प्रसाद रेग्मी

प्रमुख प्रशासकीय अधिकृत